# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ २९ गते २०३३ साल

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय राजदरबारको

### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट २०२९ साल जेष्ठ २७ गते मौसूफकै अध्यक्षतामा गठन गरिबक्सेको राष्ट्रिय विकास परिषद्लाई पुनर्गठन गरिबक्सी मौसूफकै अध्यक्षतामा देहाय बमोजिम सदस्यहरू रहने गरी राष्ट्रिय विकास परिषद्को गठन गरिबक्सेको छ ।

१. परिषद्का सदस्यहरू

(क) मन्त्रिपरिषद्का सदस्य, राज्यमन्त्री तथा सहायक मन्त्रीहरू – सदस्य

(ख) राष्ट्रिय पन्चायतका अध्यक्ष – सदस्य

(ग) राजसभा स्थायी समितिका सभापति – सदस्य

(घ) गाउँफर्क राष्ट्रिय अभियान केन्द्रीय समितिका अध्यक्ष – सदस्य

(ङ) भूतपूर्व प्रधानमन्त्री (तथा मन्त्रिपरिषद्का अध्यक्ष) हरू मध्येबाट श्री ५ बाट मनोनीत गरिबक्सने ३ देखि ५ जना व्यक्तिहरू – सदस्य



696

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) नेपालको संविधानको धारा ४१ क. को उप–धारा (१) र (२) बमोजिमका राष्ट्रिय पञ्चायतका समितिका सभापतिहरू – सदस्य

(छ) राष्ट्रिय योजना आयोगका सदस्यहरू – सदस्य

(ज) त्रिभुवन विश्वविद्यालयका उप–कुलपति – सदस्य

(झ) नेपाल राष्ट्र बैंकका गभर्नर – सदस्य

(ञ) नेपाल अधिराज्यका ७५ जिल्ला पञ्चायतहरूमध्येबाट तराई, पहाड र दुर्गम जिल्लाहरूलाई मिलाई १।१ वर्षको पालो गरी चौधै अञ्चलको प्रतिनिधित्व हुने किसिमले २५ जिल्ला पञ्चायतका सभापतिहरू तर प्रत्येक ४ वर्षमा हुने राष्ट्रिय विकास परिषद्को बैठकमा ७५ जिल्ला पञ्चायतका सभापतिहरू सम्मिलित हुने – सदस्य

(ट) उद्योग वाणिज्य संघका अध्यक्ष – सदस्य

(ठ) श्री ५ महाराजाधिराजबाट समय समयमा विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट मनोनीत गरिबक्सेका ३ देखि ५ जना व्यक्तिहरू – सदस्य

राष्ट्रिय विकास परिषद्को कार्यावधि, कार्यहरू र कार्यविधिहरू साविक बमोजिम नै कायम गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,

रञ्जनराज खनाल

श्री ५ महाराजाधिराजका सचिव

६९८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट मौसूफको अध्यक्षतामा आज गठन गरिबक्सेको राष्ट्रिय विकास परिषद्को सदस्यमा भूतपूर्व प्रधानमन्त्रीहरूमध्येबाट ३ देखि ५ जना र विभिन्न क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट ३ देखि ५ जना व्यक्तिहरू मनोनीत गरिबक्सने व्यवस्था अनुरूप निम्नलिखित व्यक्तिहरूलाई उक्त परिषद्को सदस्यमा मनोनीत गरिबक्सेको छ।

भूतपूर्व प्रधानमन्त्रीहरूमध्येबाट

१. श्री मातृकाप्रसाद कोइराला
२. श्री टङ्कप्रसाद आचार्य
३. श्री कीर्तिनिधि बिष्ट

लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट

१. श्री गणेशराज सिंह
२. डा. श्री नरसिंहनारायण सिंह
३. श्री पशुपति शमशेर ज.ब.रा.
४. डा. श्री मोहम्मद मोहसिन
५. डा. श्री प्रकाशचन्द्र लोहनी

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको
## सूचना

श्री ५ महाराजाधिराजबाट मौसूफको अध्यक्षतामा आज गठन गरिबक्सेको राष्ट्रिय विकास परिषद्को सदस्यमा नेपाल अधिराज्यका ७५ जिल्ला पंचायतहरूमध्येबाट तराई, पहाड, र दुर्गम जिल्लाहरू मिलाई १।१ वर्षको पालो गरी चौधै अञ्चलको प्रतिनिधित्व हुने किसिमले २५ जिल्ला पंचायतका सभापतिहरू रहने व्यवस्था अनुरूप प्रथम वर्षको लागि देहायका जिल्ला पंचायतका सभापतिहरूलाई उक्त परिषद्को सदस्यमा तोकिबक्सेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
६९५
मुद्रण विभाग सिंहदरबार

१. मेची अञ्चल पाँचथर जिल्ला पंचायत
२. कोशी अञ्चल संखुवासभा र मोरङ जिल्ला पंचायत
३. सगरमाथा अञ्चल खोटाँग र उदयपुर जिल्ला पंचायत
४. जनकपुर अञ्चल दोलखा र महोत्तरी जिल्ला पंचायत
५. नारायणी अञ्चल मकवानपुर जिल्ला पंचायत
६. वाग्मती अञ्चल नुवाकोट र ललितपुर जिल्ला पंचायत
७. लुम्बिनी अञ्चल गुल्मी र नवलपरासी जिल्ला पंचायत
८. गण्डकी अञ्चल स्याँजा र मनाँग जिल्ला पंचायत
९. धवलागिरि अञ्चल मुस्ताँग जिल्ला पंचायत
१०. राप्ती अञ्चल रोल्पा र दाङ जिल्ला पंचायत
११. भेरी अञ्चल दैलेख र बाँके जिल्ला पंचायत
१२. कर्णाली अञ्चल डोल्पा र कालीकोट जिल्ला पञ्चायत
१३. सेती अञ्चल बझाँग र डोटी जिल्ला पंचायत
१४. महाकाली अञ्चल दार्चुला र कन्चनपुर जिल्ला पंचायत।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

620

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग